मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्याः-२०८०/०८१

# आमाबाबु बिहीन बालबालिकाको आवेदन संकलन सम्बन्धी सूचना

*(प्रकाशित मितिः-२०८०/०८/२१)*

बागमती प्रदेश सरकारवाट स्वीकृत आ.व. २०८०/८१ मा कार्यान्वयन हुने सशर्त कार्यक्रम अन्तर्गत प्रति बालबालिका मासिक रु. २,०००।-(अक्षरेपि दुई हजार) का दरले भत्ता उपलब्ध गराउने प्रयोजनार्थ आमाबाबु बिहीन बालबालिका संरक्षण कार्यक्रम कार्यान्वयनको लागि आमाबाबु बिहीन १८(अठार) बर्ष उमेर पूरा नगरेका बालबालिका वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले गाउँपालिकाले तोकेको आवेदनको ढाँचा बमोजिम सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातहरु सहित मरिण गाउँपालिकाका सम्बन्धित वडा कार्यालयमा आवेदन दिन हुन सरोकारवालाहरु सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>आवश्यक कागजातहरुः-</u>

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चितीमा परेको प्रमाणित कागजात,
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र (५ बर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा मात्र)
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- संरक्षकको हकमा सम्बन्धित बालबालिकाको संरक्षक हो भनि वडाले प्रमाणित गरेको हुनु पर्दछ ।

२०८०/०८/२१

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

*पुनश्चः आवेदनको ढाँचा गाउँपालिकाको वेभसाइटमा संलग्न Link बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ ।*